
# रास्कोट नगरपालिका

# कर्णाली प्रदेश

# भूउपयोग योजना २०७९



# विषयसूची


खण्ड –एक ........ 1

आधार पत्र ........ 1

१.पृष्ठभूमि ........ 1

२.भूउपयोग योजना  र तर्जुमा प्रकिया ........ 2

३ .विद्यमान स्थिति ........ 3

४.कृषिको वस्तुगतको विवरण ........ 5

खण्ड २ ........ 10

भूउपयोग योजनासम्बन्धी सोंचपत्र ........ 10

१ .दिर्धकालिन सोच ........ 10

२.लक्ष्य ........ 10

३. उद्देश्य ........ 10

५ .परिकल्पना अभ्यास ........ 11

खण्ड ३ ........ 15

भुउपयोग योजना ........ 15

१.कार्ययोजना ........ 15

२ .कार्यान्वयन ........ 19

३.अनुमगन तथा मूल्याङ्कन ........ 19

सन्दर्भ सामाग्रीहरु ........ 19

खण्ड –एक

# आधार पत्र

## १ .पृष्ठभूमि

भूउपयोग ऐन, २०७६ को दफा ६ ( १ ) मा प्रत्येक स्थानिय तहले भूउपयोग योजना तर्जुमा गर्नु अघि आफनो क्षेत्रको भूमिको वस्तुस्थिति ,जनसङ्ख्याको अवस्था , यसको वृद्धि र ,खाद्य तथा आवासको आवश्यकता ,आर्थिक तथा पूर्वधार विकासको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्यन गरी दीर्घकालीन भूउपयोग योजना तयार गर्नु पर्ने व्यवस्था छ ।सोहि व्यवस्था अनुसार कालिकोट जिल्लाको रास्कोट नगरपालिकाको भूउपयोग योजना तर्जुमा गरिएको छ ।यस भूउपयोग योजनामा यस रास्कोट नगरपालिकाको वर्तमान वस्तुस्थिति ,भूमि र कृषिसँग सम्बन्धित जानकारी तथा तथ्यहरु उल्लेख गरिएको छ र आगामी पाँच बर्षभित्र भूमि सम्बन्धी नगरपालिकाले गर्नुपर्ने कामको सूचि पनि उल्लेख गरिएको छ।

### **१.१** रास्कोट नगरपालिकाको परिचय

रास्कोट नगरपालिका कालिकोट जिल्लाको तीन वटा नगरपालिका मध्ये सबैभन्दा सानो ,सुन्दर भौगलिक रुपमा मिलेको नगरपालिका हो। साविकको स्युना ,सिपखाना र फुकोट गा.बि.स को भुभागलाई मिलाएर यस नगरपालिकाको स्थापना बि.स २०७३ फागुन २७ गते भएको हो ।यस नगरपालिका वडा नं १ न्यौपाडेबाडा ,लहरेला ,रामपुर २ बुडिसन ,जनालिकोट ,सिपखाना ,३ कमालबाडा ,साँगटियाँ , कोलिगाँउ , ४ बसन्तपुर ,कर्णालिटोल ,स्युना ५,रानागाँउ , विजयपुर,६ वडड्लगाँउ ,ओखलढुङ्गा ७ पुच्छ्ऊगाँउ ,गैरागाँउ ८ वामनथान ,पालतिबाडा ,पाटेडिल ,बाँखरकोटि ९ फुकोट .बालुवाखेत ,थोल्म गरि ९ वडामा बिभाजन गरिएको भएको छ। यस रास्कोट नगरपमलिकाको क्षेत्रफल ५९.७३ वर्ग किलोमिटर र नगरपालिका रहेको स्थान समुन्द्रि सतह देखि १७७५ मिटर उचाईमा रहेको छ। १९ डिग्री १४ मिनेट ३० सेकेन्ड उत्तरि अक्षांश र ८१ डिग्री ३८ मिनेट २३ सेकेन्ड पुर्वि देशान्तरमा अवस्थित रहेको छ। नगरपालिकाको पुर्वमा पचालझरना गाँउपालिका ,पश्चिमा शान्नि त्रिवेणि गाँउपालिका , र उत्तरमा वाजुरा जिल्ला र दक्षिणमा पचालझरना गाँउपालिका रहेका छन। २०७६ सालको नगरपालिकाको डिजिटल सर्भक्षण अनुसार ३०२० घरधुरि ,५८ वटा साना बस्तिहरु र १९१३३ जनसंख्या रहेको छ। यस नगरपालिकाको भूगोल उत्तर हिमालि क्षेत्र देखि दक्षिण कर्णालि नदिको तिरसम्म फैलिएकोले यहाँको खेतियोग्य जमिनमा हिमालि क्षेत्रदेखि तराई क्षेत्रसम्म हुने वालिको खेति हुने प्रवल सम्भावना रहेको देखिन्छ। यस नगरमा विभिन्न पर्यटकिय स्थलहरु मठ ,मन्दिर प्राकृतिक सौन्दार्य बोकेको पाटनहरु ,रास्कोटी राजाको दरवारको अवषेश , रानिवन ,स्याउ जोन रहेको छन। वाजुरा जिल्लामा रहेको प्रसिद्ध तिर्थस्थल वडिमालाका जाने बाटो समेत यसै नगरपमलिका बाट जोडिएको छ भने जमुनाह हिस्सा राष्टिय

सडक सञ्जालमा जोडिएको र फुकोट कर्णालि हाइड्रो पावरको ड्याम समेत यसै नगरपालिकामा बन्ने भएकाले यस नगरपालिकाको भविष्य सुन्दर रहेको छ ।

### १.२ रास्कोट नगरपालिकाको भौगलिक अवस्था

रास्कोट नगरपालिका समुन्द्रि सतहबाट ६०० मिटर देखि ४१०० मिटर सम्मको उचाईमा रहेको छ । यस रास्कोटको उत्तर देखि दक्षिण सम्मको धरातलिय स्वरुपको प्रकृति एउटै प्रकारको रहेको छैन । यहाँ बढि भिरालो र कम समथल भूभाग रहेको छ । यहाँको पहाडि भूभाग धैरै जसो दक्षिण पुर्वमा फैलिएको छ । यस रास्कोट नगरपालिका लाई भौगलिक बनोट अनुसार ३ भागमा बँडिएको छ ।

(क)उच्च क्षेत्र

यो रास्कोटको पहाडको माथिल्लो भागमा पर्दछ । यहाँ लगभग ३०००  मिटर देखि ४३०० मिटर सम्मको उचाईमा पर्दछ । यो क्षेत्र हिमालि बलौट र फुस्रो माटो पाईन्छ । यो क्षेत्रमा गृष्म न्यानो र हिउँदमा प्रसशत हिउँ पर्ने भएकाले अत्याधिक जाडो हुन्छ । अधिकांश वर्षा गृष्ममा हुन्छ ।

(ख) मध्य क्षेत्र

यो क्षेत्र रास्कोटको सिप्टि ,बिसालि ,एकात्ते ,जैरास र माथिल्लो ताम्ति पर्दछ  यो क्षेत्र करिव १५०० मिटर देखि ३००० मिटरउचाई सम्म रहेको छ  । यहाँको माटो फुस्रो र वलौटे छ । यहाँ गृष्ममा न्यानो र हिउँदमा  अत्याधिक जाडो हुन्छ  यो क्षेत्रमा स्याउ ,ओखर ,आलु ,जौ ,मुला आदि बालिहरुको राम्रो सम्भमवना रहेको  छ ।

(ग) तल्लो क्षेत्र

यो क्षेत्र रास्कोटको तल्लो भागमा पर्दछ ।  यो क्षेत्र ६०० मिटर देखि १५०० मिटरसम्म उचाईमा पर्दछ । यहाँको माटो बलौटे दोमट , चिम्ट्याइलो रातो आदि पाइन्छ । रास्कोटको अधिकांश भूभाग यहि क्षेत्रमा पर्दछ । यहाँ हिउँदमा जाडो र गृष्ममा न्यानो र केहि वेशिहरुमा गर्मि हुने गर्दछ । यहाँको सदावहार साथै पतझड वनस्पतिहरु समेत पाइन्छन ।

## २.भूउपयोग योजना  र तर्जुमा प्रकिया

रास्कोट नगरपालिकाको यो पहिलो भूउपयोग योजना हो । यसमा भूउपयोग योजना तर्जुमा गर्नका लागि विद्यमान अवस्था र गन्तव्य पहिचान गर्ने आधारभुत सूचनाहरु सङ्कलन गरिएको छ । भूउपयोग योजना तर्जुमाको लागि आवश्यकता ,धार्मिक ,साँस्कृतिक ,पुरातात्विक तथा प्राकृतिक सम्पदाको संरक्षण र उपयोग , सुरक्षित एंव व्यवस्थित वस्ती र पुर्वधार विकास आदि विषयहरु समेटिएका छन ।

भूउपयोग योजना र सोचपत्र तर्जुमाका लागि रास्कोट नगरपालिकाको सम्बन्धित जन भूमि सम्बन्धी जानकारहरु सँग सम्बाद ,छलफल र अन्तक्रिया गरिएको छ। रास्कोट नगरपालिकाको पाश्वचित्र ,२०७७ को अध्यान ,विश्लेषणबाट आवश्यक तथ्याङ्क छनौट गरी सूचनाहरु समावेश गरिएको छ।

## ३ .विद्यमान स्थिति

### (क)घरपरिवार र जनसङ्ख्या

२०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकाको जम्मा जनसङ्ख्या १६४६९ रहेको छ।जसमध्ये ८०५९ पुरुष र ८४१० महिलाको सङ्ख्यमा रहेको छ।

### (ख) विद्यमान भूमिको वस्तुस्थिति

नापी विभागले आ.व २०७६ /२०७७ मा तयार गरेको प्रतिवेदन अनुसार रास्कोट नगरपालिकाको कुल जमिन ४५३१.३८ हेक्टर रहेको छ। नापी विभगको प्रतिवेदन अनुसार सबैभन्दा बढी जमिन कृषिले ओगटेको छ। त्यस्तै वन क्षेत्रले २४९.०९ हेक्टर रहेको छ। भूउपयोग ऐन २०७६ मा व्यवस्था भएअनुसार नगरपालिका भित्र भूमिको वर्गीकरण र क्षेत्रफल निम्न तालिकामा स्पष्ट छ।

तालिकाः भूउपयोग क्षेत्रअनुसारको क्षेत्रफल विवरण

| क्रस | भूउपयोग क्षेत्र | कित्ता सङ्ख्या | क्षेत्रफल (हे) | प्रतिशत | कित्ता सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्र | १८८१२ | २६२१.०९ | ५७.८४ | १८८१२ |
| २ | आवासीय क्षेत्र | २८५२ | १०१.२० | २.२३ | २८५२ |
| ३ | व्यव्सायीक क्षेत्र | २ | ०.०२ | ०.०००५ | २ |
| ४ | वन क्षेत्र | १४ | २४९.०९ | ५.५० | १४ |
| ५ | सार्वजनिक उपयोगको क्षेत्र | २११ | १७.३१ | ०.३८ | २११ |
| ६ | औद्यौगिक क्षेत्र | १ | ०.०१ | ०.०००२ | १ |
| ७ | नदि ,ताल ,तथा सिमसार क्षेत्र | १६ | ४६.२६ | १.०२ | १६ |
| ८ | अन्य क्षेत्र | ७३० | १४९६.४४ | ३२.०२ | ७३० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | २२६३८ | ४५३१.३१ | १००.०० | २२६३८ |

स्रोतः नापी विभाग

१. कृषि क्षेत्रको अवस्था

- नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकाको कुल कृषि क्षेत्रले ओगटेको भूमि २६६१.०५ हेक्टर रहेको छ। यस रास्कोट नगरपालिकाको ९ वटै वडामा उच्च ,मध्य र न्युन उत्पादन हुने भूमि रहेको छ।
- बजारि क्षेत्र र आवासीय क्षेत्र बढ्दै जाँदा यस नगरपालिकामा पनि कृषि क्षेत्र लाइ खण्डिकरण गर्ने कार्य बढिरहेको छ। यसले भविष्यमा कृषि उत्पादनमा समस्या आउने होकि भन्ने डर पनि छ।

२ . आवासीय क्षेत्र को अवस्था

- नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस नगरपालिकामा कुल आवासीय क्षेत्र १०१.२० हेक्टर रहेको छ। यस नगरपालिकाको ९ वटै वडा मानव बस्ति रहेको छ। सबै वडा मा सडकको पहुँच पुगिसकेको छ। यस नगरपालिकाको वडा नं ३ को केहि भूभाग आवासको लागि पहिरो कव जोखिम भएकाले त्यस क्षेत्र लाई बाढि पहिरो बाट जोगाउन पहल भईसकेको छ।

३ .व्यवसायीक क्षेत्र को अवस्था

- नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस नगरपालाका कुल व्यवसायीक क्षेत्रले ओगटेको भूमि ०.०००५ हेक्टर रहेको छ। यस नगरपालिकाको आ.सी.पि बजार मुख्य व्यवसायीक क्षेत्रको रुपमा रहेको छ।

४. सार्वजनिक उपयोगको क्षेत्र

नापी विभागले तयार पारेको प्रतिवेदन अनुसार यस नगरपालिकाको कुल क्षेत्रफल मध्ये १७.३१ हेक्टर जमिन सार्वजनिक उपयोगको क्षेत्रले ओगटेको छ।

५ .नदि,ताल तथा सिमसार क्षेत्रको अवस्था

नापी विभागले तयार पारेको प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकाको कुल भुभाग मध्ये ४६.२६ हेक्टर भुभाग नदि ,ताल तथा सिमसार क्षेत्र ले ओगटेको छ।

६.  वन क्षेत्र

नापी विभागले तयार पारेको प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकाको कुल भुभाग मध्ये २४९.०९  हेक्टर भुभाग वन क्षेत्रले ओगटेको  छ।

७. औद्यौगिक क्षेत्र

नापी विभागले तयार पारेको प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकाको कुल भुभाग मध्ये ०.०१   हेक्टर भुभाग औद्यौगिक क्षेत्रले ओगटेको छ। यस नगरपालिकामा औद्यौगिक क्षेत्र भनि हालको वडा नं ६ र हाल को वडा नं ७ को सिमा क्षेत्र पर्ने केहि भूभागलाई तोकिएको छ।

(ग)कृषि को अवस्था

यस रास्कोट नगरपालिकाको जनताका जिविकोपार्जनको मुख्य स्रोत को रुपमा कृषि रहेको छ। यस नगरपमलिकामा तपशिल बमोजिको कृषि उत्पादन हुन्छ।

## ४. कृषिको वस्तुगतको विवरण

वालिले ढाकेको क्षेत्रफल तथा उत्पादनको अवस्था

रास्कोट नगरपमलिकामा खेतियोग्य भूमि जम्मा २७६७ हेकंटर भएतापनि करिव १५५५ हेक्टर क्षेत्रफलमा खाद्यान्न बालि ,तरकारि बालि, मसला बालि तथा तेलहन बालिहरुको खेति गरिएको अनुमान गरिएको छ र उक्त जमिनमा खेतिपाति गर्ने गरिएका बालिहरुको उत्पादन तथा उत्पादकत्व देहाय बमोजिम रहेको छ।

रास्कोट नगरपालिका कालिकोटमा खाद्यन्न वालिहरुले ढाकेको क्षेत्रफल ,उत्पादन र उत्पादकत्व विवरण

| क्रस | वालिको नाम | क्षेत्रफल (हेक्टर ) | उत्पादन (मे.टन ) | उत्पादकत्व (मे.टन /हेक्टर ) |
|---|---|---|---|---|
| १ | धान | ४९७ | ३२३० | ६.१ |
| २ | मकै | ३८८ | २०१७ | ५.१ |

| | | | | |
|---|---|---|---|---|
| ३ | गहुँ | ७४४ | ३३४८ | ४.५ |
| ४ | कोदो | ६५ | २०१ | ३ |
| ५ | जौ | ४१ | ६१ | १.४ |
| ६ | फापर | ४९ | ५८ | १ |
| ७ | एवा | २२ | २६ | १.२ |
| ८ | चिनो | ४५ | ६७ | १.४ |
| ९ | कागुनो | १५ | २२ | १.५ |

स्रोतः कृषि बिकास कार्यालय कालिकोटको फिल्ड सर्भेक्षण २०७६-७७ र रास्कोट नगरपालिका ,कृषि बिकास शाखाको फिल्ड ( सर्भेक्षण २०७७/२०७८)

रास्कोट नगरपालिका कालिकोटमा दलहन बालिहरुले ढाकेको क्षेत्रफल ,उत्पादन र उत्पाकत्व विवरण

| क्रस | बालिको नाम | क्षेत्रफल | उत्पादन (मे. टन ) | उक्पादकत्व (मे.टन /हेक्टर ) |
|---|---|---|---|---|
| १ | मसुरो | ५ | ७.५ | १.५ |
| २ | चना | २ | ३.४ | १.७ |
| ३ | मास | ९ | १२.६ | १.४ |
| ४ | भटमास | १३७ | १७८.१ | १.3 |
| ५ | केराउ | ११ | २३.१ | २.१ |
| ६ | गहत | २.१ | १.०५ | ०.५ |
| ७ | सिमी | १ | १.२ | १.२ |
| ८ | बोडी | २२६ | २९३.८ | १.५ |

स्रोतःकृषि बिकास कार्यालयको फिल्ड सर्भेक्षण १०७७/०७८

(घ) प्राकृतिक विपद् र जोखिम

रास्कोट नगरपालिकाको केहि वडाहरु मा विकास सँगसगै विपद्को जोखिम बढेको देखिन्छ। सडक संञ्जाल विस्तार गर्ने क्रममा तथा खोला तथा खोल्सीहरुमा तँटबन्धनको विकाश गर्ने नसक्नाले जोखिम बढ्न गएको देखिन्छ। वडा नं ३ र वडा नं ७ को केही भूभाग जोखिम मा परेका छन।

- यस नगरपालिकाको केहि ठाडा खोलाका किनाराका केही भागहरुमा विपद् क्षेत्रअन्तर्गत पर्दछन र व्यवस्थित बस्ती ,डढेला आगालागी ,नदि तथा खोला क्षेत्रमा अनियन्त्रित रुपमा झिकिने ढुङ्गा, वालुवा  आदि कारण पनि बिभिन्न खालका जोखिमहरु बढ्ने गरेको छ।
- यस नगरपालिका क्षेत्र भित्र भुकम्प , बाढीपहिरो  ,आगोलागी र डढेलो महामारी ,चट्याङ ,असिना ,पहिरो जस्ता प्राकृतिक विपत्तिको कारण समस्या हुने गरेको छ ।बाढि पहिरो र अति भिरालो स्थानमा घर बनाइ बसोबास गर्नेहरु पनि जोखिममा छन।
- वनजङगलको विनाश तथा वृक्षारोपनको कमी
- मानव निर्मित भौतिक संरचना( घर,कुलो ,सडक आदि ) व्यवस्थित र प्राविधिक  विना निर्माण
- अव्यवस्थित खेती प्रणाली

(ङ) भूमि स्वामित्वको  समस्या

यस नगरपालिका लेकको क्षेत्रहरुमा जग्गाको स्वामित्वको समस्या बढि रहेको पाइन्छ करिव २ पुस्ता बाट भोग गरिआएको भएतापनि साबिकको नापीमा जग्गा नाप्न तथा जग्गा दर्ता गर्ने छुट भएको कारण सयौ व्यक्तिहरु उक्त जग्गाको स्वामित्व बाट बंञ्चित हुन गएको छ । रास्कोट नगरपालिकामा भूमिहीन दलित , भूमिहीन सुकुम्बासि को सङख्या एकदम न्युन रहेको छ २०७७ सालमा भूमिसम्बन्धी समस्या सामाधान आयोगमा पेश भएको भएको निवेदन अनुसार अव्यवस्थित बसोबासिका निवेदन करिब २०० भन्दा बढि आएको छ। हाल भूमि आयोग सगँ कामको सम्झौता गरि भूमि आयोगको कार्वविधि अनुसार कार्य गर्ने निर्णय भूमि आयोग सम्बन्धी  पालिका स्तरिय सहजीकरण समिति बाट भइसकेको र प्रत्येक वडा मा निवेदन संकलन कार्य अगाडि बढिसकेको छ। यस नगरपालिका भित्रको सरकारी ,सार्वजनिक जग्गालाई व्यवस्थित गर्ने हडपेको जग्गालाई सरकारी स्वामित्वमा ल्याउने कार्य अधि बढेको छ।

(छ) आर्थिक विकास तथा पुर्वाधार निर्माण

१.उद्योग कच्चापर्दाथ र खानी

यस नगरपालिका क्षेत्रमा औद्यौगिक कच्चापर्दाथको रुपमा विशेष गरी ढुङ्गा र वालुवा  लाई लिन सकिन्छ ।

कर्णालि र सान्नी खोलाको तटीय भागहरुमा वालुवा तथा गिट्टि का खानी  समेत रहेको पाईन्छ। सास्कोट नगरपालिका को करिब ४ वटा वडाहरुमा ढुङ्गा खानि क्षेत्र रहेकोले यी क्षेत्रहरु लाई खानी तथा खनिज क्षेत्रको रुपमा वर्गिकरण गरिने छ। त्यसैगरी वडा नं ६ मा एउटा औद्यौगिक क्षेत्रको रुपमा बर्गिकरण गरिनेछ। यस क्षेत्रमा रेशादार वनस्पति जस्तै अल्लो ,भाँगो ,केतुकी जस्ता वनस्पतिको पनि प्रचुर सम्भावना भएकाले यसको उपयोग गर्न औद्यौगिक क्षेत्र स्थापना गर्ने सम्भावना रहेको छ।

२.पेशा व्यवसाय र आम्दानि

यहाँको अधिकांश मानिसहरुको मुख्य पेशा कृषि हो। कृषि पेशा परम्परागत /पुर्खौलि पेशा मानिन्छ। कृषि पेशा अन्तर्गत (खेतिपाती , पशुपालन , फलफुल खेती आदि पर्दछन। यस बाहेक यहाँको मानिसहरुको पेशा तथा व्यवसायको रुपमा व्यापार ,होटल ,पसल सञ्चालन ,ज्याला मजदुरी र केही मानिसहरुले सरकारी तथा गैरसरकारी संघ सस्थामा जागिर पेशामा संलग्न रही जिवन निर्वाहा गरेका छन। यहाँको मुख्य व्यवसायीक केन्द्र आरसिपी बजार ,शेरा बजार ,सान्तिधाट र भाताडि बजार रहेका छन। कृषिको उच्च सम्भावना रहेको यस नगरपालिकाको कृषि प्रणाली लाई आधुनिकीकरण गर्नु मुख्य आवश्यकता रहेको छ।

३.पुर्वाधार

रास्कोट नगरपालिकाको सडक पुर्वाधार पनि राम्रो रहेको देखिन्छ सान्निघाट बाट आ.सि .पि बजार सम्मको सडक पक्कि सडक हुने काम अगाडि बढिसकेको छ। यस नगरपालिका हुदै जुम्ला ,मुगु जोडने सडक बिस्तार भएको हुदा यस नगरपालिकाको सडक संञ्जाल एकदम राम्रो हुने देखिन्छ। हाल सम्म  यस नगरपालिकाको ९ वटैमा सडक संञ्जाल निर्माण भइसकेको छ र यसको स्तरउन्नती गर्नु मुख्य चुनौतिको रुपमा रहेको छ।

४.स्थति विश्लेषण

- २०७८ को राष्टिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस रास्कोट नगरपालिकामा   घर सङ्ख्या  २८३६ रहेको छ भने यस नगरपालिकामा जम्मा ३०७६ परिवार सङख्या रहेका छन।यस नगरपालिकामा पुरुषको सङख्या ८०५९ र महिलाको सङख्या ८४१० गरि जम्मा १६४६९ रहेको छ। त्यसै गरि २०५८ को जनगणना अनुसार  यस ठाको जनसंख्या १२७८० र घरधुरि सङख्या २२५६ रहेको थियो। २०६८ को जनगणना अनुसार यस क्षेत्रकझ जनसंख्या १६२७२ र घरधुरि सङ्ख्या २६८५ रहेको थियो। २०६८ र २०७८ को जनगणनालाई हेर्दा यस

नगरपालिकाको जनसंख्या १९७ ले मात्र बढेको देखिन्छ। भूगोलको हिसावले कालिकोट जिल्लाका अन्य पालिका भन्दा सबैभन्दा सानो र सहज रहेको यस पालिकामा बिभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ। यहाँको मुख्य जाताजातिहरुमा ब्रामण ,क्षेत्री र ठकुरी रहेका छन। यहाँको जनतालाई सार्वजनिक  सेवा पुर्याउन भने धेरै कठिनाई छेन। ९ वटा वडा रहेको यस नगरपालिकामा ४ वटा माध्यामिक विद्यालय सहित ३१ पटा विद्यालय ,१ वटा अस्पताल र यसबाहेक स्वास्थ चौकी  र स्वास्थ ईकाई समेत रहेका छन। यहाँको मुख्य भाषा नेपाली र अधिकांश हिन्दु धर्म मान्ने हरुको बसोबास रहेको छ।

# खण्ड २

## भूउपयोग योजनासम्बन्धी सोंचपत्र

### १ .दिर्धकालिन सोच

जमिनको दिगो उपयोग ,सबैलाई सुरक्षित आवास ,कृषि उत्पादनमा आत्मनिर्भर रास्कोट नगरपालिका।

" जल जमिन र जंगलको सदुपयोग "

" रास्कोटको दिगो विकासमा सहयोग "

२.लक्ष्य

रास्कोट नगरपालिका भित्रको जल ,जमिन र जंगलको व्यवस्थित ढङ्गले उपयोग गरी सुन्दर वस्ती , समृद्ध जनता र सन्तुलित वातावरण प्राकृतिक सौन्दर्यता कायम गरी पालिकाको दिगो विकासमा टेवा पुर्याउने।

जमिनको दिगो उपयोगमार्फत उत्पादनमा विद्दि ,अव्यवस्थित बसोबासिको व्यवस्थित बसोबास ,पर्यावरणिय सन्तुलन ,पालिकाबासिको समृद्दि जीवनको लागी भूमि र भूमि स्रोतको उपयोगको विद्यामान अवस्थामा सुधार गर्ने।

### ३. उद्देश्य

- पालिका भित्र भूमि स्रोतको अभिलेख अद्यावधिक गरी सुरक्षित गर्ने।
- भूमी स्रोतको पहुँच पुर्याइ भूमिहिन नागरिकको र अव्यवस्थित नागरिकको मर्यादित जीवन सुनिश्चित गर्ने।
- सुरक्षित ,स्वच्छ र व्यवस्थित बसोबासको सुनिश्चित गर्ने।
- भूमीको बर्गीकरण गरी समुचित प्रयोग र उपयोग सुनिश्चित गर्ने।
- कृषियोग्य भूमिको परिचालन गरी उत्पादन ,उत्पादकत्व बढाउने र उचित बजारिकरण गर्ने।
- जलवायु परिवर्तनका कारण उत्पन्न हुने नकारात्मक असरहरु न्युनिकरण गर्ने खालको कार्यहरु गर्ने।
- नदि तथा कटान क्षेत्रको जोखिमयुक्त क्षेत्रको बस्ती र जग्गाको दिर्घकालिन व्यवस्थापन गर्ने।
- सुख्खा पहिरो बाट हुने जोखिम घटाउन दिर्धकालिन योजना बनाउने।

## ४.रणनीति र कार्यनीति

- भूमि र भूमि स्रोतको संरक्षणको लागि अभिलेख व्यवस्थापन लाई प्राथामिकता।
-समुचित उपयोगको लागि जग्गाको बर्गिकरण।
-जोखिमयुक्त क्षेत्रमा रहेका अव्यवस्थित र छरिएर रहेको वस्तीहरुको एकिकृत वस्ती विकासका लागि उत्प्रेरित गर्ने।
- कृषि योग्य जग्गा कृषि प्रयोजनमा प्रोत्साहन र अन्य प्रयोजनमा निषेध।
- विकास निर्माणमा पुर्वाधारका लागि उपयुक्त जमिन पहिचान ,संरक्षण र दिगो उपयोग।
- मानव सिर्जित जोखिम निरुत्साहन र जलवायुमैत्री क्रियाकलाप प्रोत्साहित गर्ने।
- जंगल फडानी ,डढेलो लगाउने प्रथाको निरुत्साहित गरी हरियालि वातावरण बनाउने ,वृक्षारोपन कार्यक्रम सञ्चालन गर्ने।
- एक घर एक बगैचा कार्यक्रम सञ्चालन गर्ने।
- प्राकृतिक बस्तु ढुङ्गा ,वालुवा ,जडिवुटीको जथाभावि निकासी लाई रोक लगाउने।
- सडक वरपरको जग्गालाई व्यवस्थित गरि रुख रोप्ने।
- घर जग्गा र सरकारि जग्गाको लगत राख्ने , प्राविधिक ईस्टिमिट गरि मात्र भौतिक संरचना निर्माण गर्ने।
- माटोको परिक्ष गरी उपयुक्त बालि तथा फलफुल खेति गर्ने ।

## ५ .परिकल्पना अभ्यास

१.भूमि र कृषि उपयोगको अवस्था ( ३० वर्ष पहिलेको अवस्था )
यस रास्कोट नगरपालिका क्षेत्रमा विगत दुई तिन सय वर्ष पहिलादेखि नै बसोबास रहेको पाईन्छ। पहिला यहाँका मानिसहरु बेसि भागमा घर बनाइ बस्ने तथा लेकको भागमा स्याउ खेति तथा भेडा पालन गर्ने र हिउदको समयमा बेसी बस्ने र बर्खाको समयमा लेकका खरक बनाइ बस्ने गर्थे र यो प्रचलन आज पनि यसैगरि चलिरहेको छ।
पहिले पहिले अन्नपात धेरै कम फल्दथ्यो आजको जस्तो सबै बिउबिजन हाइब्रिड थिएन। खेतीबालीमा घरमै जोगाइ राखेको बिउबिजन बाट खेती गरिन्थयो। सुविधाहरु पनि केहि हुदैन्थ्यो ,सिँचाइ पनि थिएन। पिउने पानीको पनि धेरै समस्या थियो।
यहाँका किसान हरु बिभिन्न प्रकारका पराम्परागत धानका बिउ प्रयोग गर्दथे जस्तै

तर अहिले यी धानका बिउ पाउन छाडिसके। पहिले पहिले किसानहरु स्थानीय बिउहरु वर्षभरी जोगाइ राख्दथे। गहुँ ,मकै ,तोरि खेती पनि गरिन्थयो। मानिसहरु प्रशस्त गाइ बस्तु पालन गर्दथे। एउटै घरमा १५/१७ वटासम्म गाई- भैसी हुन्थे।

तरकारि खानको लागि मुसुरो ,आलु ,सागसव्जीहरुको खेति हुन्थ्यो।

मुला ,केरेला ,चिचिण्डा ,लौका ,फर्सी लगायतका तरकारि खेती गरिन्थ्यो र तरकारिको रुपमा खाने चलन थियो। यी सबै खाले लोकल बिउबाट खेति गरिन्थ्यो । अहिले यी लोकल बिउ पाउन छाडिसके। खेति धेरै भएतापनि आफनो उत्पादनले अधिकाशं घरपरिवार लाइ खान मुस्किल पर्थो। मानिसहरु दुध,दहि ,मोहि ,भात ,आँटा ,मकै,रोटो लगाएतको खानेकुरा हरु बढि खान्थे। मानिसहरु आफनो घरगोठमा पालिएका गाई –भैसीको दुधबाट घिउ बनाउने र जुम्ला र सुर्खेत सम्म बेच्न पुर्याउथे।

आफनो उत्पादनले खान पुगेपनि र वर्षभरि नै खेतीपातीमा काम नहुने भएकाले पुरुष मानिसहरु बाहिरि जिल्ला र भारत समेत जान्थे भने महिला घरमा नै बस्थे। यस नगरपालिका भित्रका सबै मानिस लाई खानपिनमा त्यति समस्या भने थिएन। केही जमिन नभएका बाहेक अरुलाई जेनतेन खान पुग्थ्यो। रास्कोट बाट कर्णालीका हुम्ला ,जुम्ला ,मुगु जिल्लामा समेत लत्ता कपडा र नुन सगँ साट्ने र निर्यात समेत गरिन्थ्यो।यस ठाउमा सडक आएको पनि करिब एक दशक मात्र हुन लागेको छ।

मानिसहरु आ-आफनो हिसाबले आवादी गरी बसेका थिए त्यसपछि यस क्षेत्रमा पनि २०४८ सालबाट नापीको कार्य अगाडि बढ्यो २०४८ सालमा जग्गा नाप्ने कार्य नै सुरु नभएतापनि नापी कार्यका लागि नियन्त्रण विन्दु राख्ने कार्य अगि बढ्यो सायद अरु ठाउभन्दा ढिला नापी भएतापनि ट्रिक विन्दूमा आधारमा २०५२-२०५३ सालसम्म यस क्षेत्रको नापि कार्य सम्पन्न भयो। पहिलो पटक नापि भएको र सम्पुर्ण जनता लाई यसको बारेमा थाहा नहुदा र नापी भएपछि जग्गाको तिरो तिर्न सकिन्न भन्ने मनोसायले कति मान्छेले पुर्खा बाट भोग गरीआएको जमिन समेत नापी गराएनन भने कसै कसै ले जग्गा नपाउन नै पाएनन भने दर्जनौ ले भने हालसम्म पनि नापी भएको जग्गा दर्ता गर्ने सकेको छैनन ।

२ . वर्तमानको अवस्था

अहिले खेती गर्ने चलन फेरिएको छ। घरमा गाई-वस्तु पाल्ने चलन कम भएको छ। तर अहिले खेत तथा बारि जोत्न अन्य जिल्लाहरु मा आधुनिक मेसिनहरु प्रयोगमा ल्याए पनि यो नगरपालिकामा भने गोरुको नै प्रयोग बाट जोत्ने काम हुन्छ।

अर्मपर्म भन्दा पनि दैनिक ज्यालादारिमा काम गर्ने मानिसहरु पाइन्छन। खेतीपातीमा सबै हाइव्रिड बिउहरुको प्रभुत्त्व जमाएको छ। रसायनिक मल र विषादिहरुको बढी प्रयोग नगरे उत्पादन हुदैन। भएपनि ज्यादै कम हुन्छ। विषादिको बढ्दो प्रयोगले रैथानि बिउहरु मासिएका छन भने बहुबालि खेती हुदैन।

मानिसहरु खेतिपातीमा भन्दा पनि अन्य पेशा व्यवसायतर्फ बढि आकर्षित र क्रियाशिल भएको देखिन्छ ।पसल,व्यवसाय , वैदेशिक रोजगारी ,स्वदेभित्रै रोजगारीको लागि छरिएका छन । जग्गाको स्वामित्व मानिसहरु क्रमशः कम हुदै गएको छ ।घडेरिमा बढि जग्गा रुपान्तरण भएको छ ।मानिसहरुको आवादि बढेको छ । मानिसहरु सडक आसपास वा जुन क्षेत्रमा सुबिधा बढि हुन्छ त्यस क्षेत्रमा सबैको ध्यान केन्द्रित भएको पाईन्छ जसले गर्दा सडकको छेउछाउको जग्गाको मुल्य धैरै भएको छ ।खेतियोग्य जमिन कम र घडेरिहरु बढी हुन थालेको छ ।

नेपालमा रोजगारका अवसर नभएको हुदा युवाहरु धैरै विदेश पलाएन हुदा यसको असर नगरपालिकामा समेत परेको छ ।
त्यसैगरि महिलाहरु बढी जिम्मेवारी खेतीपाती र घरव्यवहार सम्हालन्न बाध्य छन । मानिसहरु पराम्परागत खेतीबाट भन्दा व्यवसायिक खेतीमार्फत आर्कषित हुन थालेका छन किनकी व्यवसायीक खेती गर्दा आम्दानी बढी हुने भएकाले यहाँका मानिहरु सुर्खेत तथा नेपालगन्ज गएर बस्ने चलन पनि बढेको पाईन्छ । धैरै जसो जग्गा बाझो रहेको छ र बेमौसमी खेती गर्ने परम्परा बनिसकेको छेन ।

यस नगरपालिकामा भूमिहीन सुकुम्बासी कम मात्रमा भएपनि अव्यवस्थित बसोबासिको सङ्ख्या धैरै रहेको पाइन्छ सुकुम्बासीहरु लाई जग्गा उपलब्ध गराउन सकिने यस क्षेत्रको लेक क्षेत्रको अव्यवस्थित बसोबासि लाई जग्गा उपलब्ध गराउन नसकिने निर्णय पनि नगर सरकारले गरिसकेको छ । सम्पुर्ण जग्गा व्यक्तिहरु लाई दिए पछि सरकारी सम्पतिको संरक्षण नहुने धारण विज्ञ व्यक्तिहरु बाट आएपछि नगर सरकारले यस्तो निर्णय गरेको हो ।

३ . ५० वर्षपछि हेर्न चाहेको अवस्था

*५० वर्ष पछि रास्कोट नगरपालिकालाई देहाएको बमोजिम वुदाँमा उल्लेखित बमोजिमको देख्न पाईनेछ ।*

१.यो रास्कोट नगरपालिका कृषिमा आत्मनिर्भर हुनेछ । बाँझो रहेको र खेर गएको जमिनहरु पनि उपयोग हुनेछ । पालिकाबासी खाद्यन्नमा आत्मनिर्भर हुनेछन कृषि ,पशुपालन ,स्वरोजगार व्यवसायहरु र औद्यौगिक विकास गरी पालिकाबासिको आर्थिक अवस्था सुधार हुनेछ ।

२.भूमिहीन दलित ,भमिहहिन सुकुम्बासिहरुको समस्या सामाधान हुनेछ । सबैको आफनो घरबास हुनेछ । नगर सरकाले जग्गा उपलब्ध गराउने निर्णय भएको क्षेत्रमा जग्गा उपलब्ध गराइने छ । अहिले नगरपालिकामा निवेदन पेश गरेका भूमिहीन लाई जग्गा उपलब्ध गराइ व्यवस्थित गराइने छ ।

अव्यवस्थित बसोबासिको रुपमा रहेको अव्यवस्थित बसोबासिको समस्या समाधान हुने छ र सबै परिवारसँग कानुनि स्वामित्व (लालपुर्जा) हुनेछ । खेतीपातीको अवस्था सुधार र व्यवस्थित हुनेछ ।

३.नयाँ भूपयोग योजना तयार भई भूमिको बर्गिकरणलाई कार्यान्वयन गरी भूमिको उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेछ भूमिको दिगो उपयोग हुनेछ । महिला र पुरुषको बराबरी स्वामित्वहरु दर्ता हुनेछ ।

४.यस नगरपालिका भित्र बनेका सम्पुर्ण सडकको लगत कट्टा कार्यलाई अब छिटै नै पुरा गरिनेछ ।

५.यस नगरपालिकाको ९ वटै वडा मा २ वटाका दरले यसै वर्ष भित्र चौथौ दर्जाको नियन्त्रण विन्दु स्थापना गरिनेछ ।

६.रास्कोट नगरपालिका को सम्पुर्ण कित्ता नापी ब्लु प्रिन्ट नक्सा लाई शुद्धताका साथ जियोरफ्रेसिङ गरि टोटल स्टेशन मेसिनको प्रयोग गरि डिजिडल प्रविधि मार्फत जग्गाको बिवाद सुल्झाइने छ ।
७.यस नगरपालिका भित्र रहेका सम्पुर्ण सरकारि सार्वजनिक जग्गा व्यक्ति विशेष जग्गामा नखुस्ने गरि सिमाना ऐकिन गरिनेछ ।

८.कृषि खेतिपातिको लागि आधुनिक प्रविधियुक्त सिँचाइ र खानेपानिको लागि वैकल्पिक व्यवस्थापन भएको हुनेछ । सबैको घरघरमा राष्टिय प्रशारणको विजुलि बत्तिको व्यवस्थापन हुनेछ ।
नगरपालिका क्षेत्रको बस्तिहरुको व्यवस्थित र एकीकृत प्रकारको हुनेछन । सबै बस्तिहरुमा सडक संञ्जाल जोडिने छ र कालोपत्रे हुनेछ ।

९.खाली जमिनहरुको संरक्षण हुनेछन ,खेती गर्ने मिल्ने जमिनमा कृषि उत्पादन बढनेछन । कृषियोग्य जमिन किसानको अधिनमा हुनेछन भने खेती नगर्ने किसानहरुले आफनो भूमि पालिकाको भूमि बैंकमा राख्नेछन । अर्गानिक उत्पादनहरु बढनेछन र उत्पादित बस्तुको बजार पहुँच सहज हुनेछ ।

१०.यस पालिकाको युवाहरु स्वरोजगारतर्फ अझ बढि सहभागी हुनेछन । आर्थिक सवलता हुनेछ ।

११.गाउँहरु शहरमा परिणत भएको हुनेछन । आवादी क्षेत्रहरु बढनेछन ।विकास र पुर्वाधारहरुको पर्याप्त व्यवस्थापन हुनेछ। शिक्षा र स्वास्थ सर्वशुलभ हुनेछ ,गाँउमै स्थानिय सरकारले नै सेवाहरु दिने व्यवस्था मिलाएका हुनेछन ।

१२. सहरी क्षेत्रको जग्गाको किनवेच गर्न नसक्ने गरी मुल्य पुग्ने देखिन्छ। मानिसहरुका आम्दानीको विविधिकरण हुनेछ। कृषि पेशामा निर्भर मानिसहरु क्रमश वैकल्पिक पेशामा पनि लाग्नेछन र व्यवसायिक हुनेछन।

१३.बाढि पहिरो रोकथामको उच्चतम प्रविधि प्रयोग हुनेछ र प्राकृतिक प्रकोप बाट न्युन क्षेती वेहोर्न पर्नछ।

# खण्ड ३

## भूउपयोग योजना

१.कार्ययोजना

रास्कोट नगरपालिकाको उल्लेखित दीर्घकालिन सोच ,लक्ष्य र उद्देय प्राप्तिका लागि अबलम्बन गरिने कार्य नितिहरु निम्नानुसार छन।

| कार्यक्रम | किर्याकलाप | ईकाइ | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाचौ वर्ष |
| भूमि अभिलेख आवद्यिक र संरक्षण | -औपचारिक जग्गाको अभिलेख अद्यावधिक गर्ने<br>-अनौपचारिक जग्गाको अभिलेख अद्यावधिक गर्ने<br>-प्राकृतिक स्रोत जस्तैः पानीको मुहान ,खनिज क्षेत्र ,नदि ,ताल ,पोखरी ,आदि र धार्मिक सास्कृतिक तथा पर्यटकीय क्षेत्रको विवरण अद्यावधिक गर्ने। | | | ✔ | ✔ | | |
| | - भूमिकर लाई पारदर्शी एवम व्यवस्थित बनाउने। | | ✔ | ✔ | ✔ | ✔ | ✔ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सडकको लगत कट्टा | -मुख्य सडक सान्नीधाट देखि तुसार खोला सम्मको सडको लगत कट्टा<br>-मुख्य सडक बाहेक अन्य गाउँको सडकको लगत कट्टा | | | ✔ | ✔ | | |
| भूमिको बर्गिकरण र कार्यान्वयन | -जग्गाको बर्गीकरण र भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने<br>-जग्गाधनी पूर्जामा जग्गाको बर्गीकरण अद्यावधिक गर्ने | | ✔ | ✔ | ✔ | ✔ | |
| भूमि स्रोतको संरक्षण | -नगरपालिका भित्रका भूमि स्रोतहरु ,नदि ,खोला पोखरी,मुहानहरु ,वन क्षेत्रले ओगटेको जमिन संरक्षण र सदुपयोग गर्ने ।<br>-खोला किनारामा भूक्षय नियन्त्रणको लागि तटबन्ध गर्ने<br>-खोला ,नदि तटबन्ध गरिएका तथा सडक किनारामा वृक्षारोपन गर्ने ।<br>- नदि तथा खोला हरुले क्षति गरेको कृषियोग्य जमिनको एकिन विवरण लिने र त्यो क्षेत्रको संरक्षण गर्ने र त्यस्तो ठाउँमा थप बस्ति बस्न नदिने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| भूमिहीन मुक्त कार्यक्रम | -लगत संकलन भइ सकेका तथा लगत संकलन हुन बाकि भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासिको लाई बसोबासका लागि जग्गा उपलब्ध गराइने | | ✔ | ✔ | | | |
| व्यवस्थित बस्ति बिकास | -बाढि पहिरो तथा अन्य जोखिम क्षेत्रमा रहेको वस्तिहरुको स्थानान्तरणका लागि सहयोग गर्ने । | | ✔ | ✔ | ✔ | | |
| | -मौजुता बस्तिमा रहेका सरकारी सार्वजनिक जग्गा छुट्याई सार्वजनिक उपयोगमा ल्याउने । | | ✔ | ✔ | | | |
| | -बसोबास क्षेत्रमा उत्पादनमूलक तथा सडक किनार र सार्वजनिक स्थलहरुमा सदावाहार र सौन्दर्यमुलक वृक्षारोपन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | |
| | -वनतर्फ आवाद कमोद सम्बन्धि गतिबिधिको नियन्त्रण  र वन क्षेत्रको सिमाना एकिन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| व्यवस्थित बसोबासमा निजि | -बसोबासको लागि जग्गा किन्दा व्यवस्थित घडेरी किनेर घर बनाउने प्रवृतिलाइ प्रोत्साहन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्षेत्र | - आवासीय क्षेत्रमा मापडण्ड बमोजिम आवास गृहहरु निर्माण क्षेत्रलाई स्वकृती दिने।<br>- अनिवार्य रुपमा घरको नक्सा पास गरि मात्र घर निर्माण गर्ने पाउने । | | | | | | |
| खाद्य आत्मनिर्भको लागि उत्पादन | -कृषि क्षेत्रलाई उपयुक्तअनुसार उपक्षेत्रमा बर्गिकरण गरि<br>बाली पकेट क्षेत्रहरु बिकास गर्ने।<br>-कृषि क्षेत्रको जग्गा खण्डीकरण निरुत्साहित र चक्लावन्दी प्रोत्साहन गर्ने नीति  तर्जुमा र लागु गर्ने ।<br>-कृषि सडक , सिँचाइ कुलो र जल सञ्चय पोखरिहरुको निर्माण र संरक्षण  गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| | -बाँझो र खेतीयोग्य सरकारी जमिन उत्पादनमुलक कृषि कार्यको लागि न्यून आय भएका बर्गलाइ प्राथमिकता दिइ लिजमा दिने । | | | | | | |
| उत्पादनमा सार्वजनिक निजी सहकार्य | -कृषि उत्पादन संकलन कन्द्रको लागि जमिन उपलब्ध गराइ व्यवसाय सञ्चालन गर्ने लिज करारमा लिन चाहानेलाइ प्रोत्साहित गर्ने ।<br>-पशुपालन बाख्रा ,गाई ,बंगुर ,कुखुरा आदि पालनमा निजि क्षेत्रलाई प्रोत्साहन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| | -  विद्यालय तथा सार्वजनिक संस्थालाई उत्पादनमुलक कार्यमका लागी जमिन लिजमा दिने । | | | ✔ | ✔ | ✔ | ✔ |
| सार्वजनिक उप योगको लागि जमिन व्यवस्थापन | -प्रत्येक वडामा बजार क्षेत्र ,स्थानिय उत्पादन संकलन तथा विक्री केन्द्र ,हाट बजारस्थल निर्धारण गर्ने ।<br>-प्रत्येक वडामा सामुदायिक भवन ,चौतारा र सार्वजनिक सौचालय  निर्माण गरिनेछ ।<br>-प्रत्येक वडाहरुमा एकएक वटा खेलमैदान निर्माण गरिनेछ । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| पुर्वधार बिकास का लागि जमिनको | -स्थानीय तहमा आर्थिक पुर्वाधार बैंक ,बिमा ,पुँजी बजार ,गैर बैंक तथा वितीय क्षेत्र र सहकारी पालिका र स्वामित्वको लागि क्षेत्र निर्धारण गर्ने ।<br>-विद्युत ,सडक ,ढल  जस्ता पुर्वधार निर्माण गर्ने  सहज हुने स्थानमा औद्यौगिक क्षेत्रको लागि  जमिन | | ✔ | ✔ | ✔ | ✔ | ✔ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| व्यवथापन | छुट्याउने ।<br>-स्थानीय तहमा फोहोरमैला ल्याण्फिल्ड साइट ,खुल्लाक्षत्र ,सभाहल का लागि उपयुक्त स्थान तोक्ने । | | | | | | |
| पर्यटन प्रवर्धन | -स्थानीय पर्यटक नीति र कार्यविधि तर्जुमा गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| पर्यटनमा निजि क्षेत्र | पदयात्रालाई सहज र आनन्दायी बनाउन पर्यटकीय पदमार्गमा प्रतिक्षालय ,विश्रामस्थल ,सुविधायुक्त शौंचालय ,खानेपानिको धाराहरु ,सञ्चार सुबिधा ,सफा र उचित मूल्यका रेष्टुरेण्ट ,औषधि पसल सञ्चालन गर्ने निजी क्षेत्रलाइ प्रोत्साहन गर्ने ।<br>-पर्यटकको बसाई लम्बाउन गुणस्तरीय होटल ,विद्युत ईन्टनेट साँस्कृतिक कार्यक्रम ,स्थानिय खेल , देउडा नाच , मेला ,पर्व ,स्थानीय भेषभुषा प्रयोग ,स्थानिय परिकार जस्ता गतिबिधिको प्याकेज तर्जुमा प्रचार प्रसार र सञ्चालन गर्ने क्षेत्रलाई प्रोत्साहन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| वातावरण संरक्षण | -जलवायु संकटसन्नता विश्लेषणको आधारमा जोखिम क्षेत्र पहिचान र उपयुक्त योजना तर्जुमा गर्ने ।<br>-साविकको पानिको मुहानहरुको संरक्षण गर्ने ।<br>-खाली क्षेत्रको पहिचान गरि वृक्षारोपण गर्ने र वातावरण हराभरा बनाउने ।<br>-रसायनिक मल एंव विषादीलाई प्रतिस्थापना गर्ने प्राङ्गारिक मल एंव उत्पादन कृषक वा उद्योगलाई अनुदान दिने ।<br>-नदि उकास र खोलाको बस्तिमा विपद् न्यूनिकरणको लागि कार्यक्रम गर्ने ।<br>-जलवायु अनकुलका अभ्यास (जस्तै पानि मैत्री ,खाद्य तत्व मैत्री ,कार्वनमैत्री ,बिउ जात ) प्रवर्धन बिस्तार गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | -इन्धनको लागि जङ्गलमा निर्भर समुदायलाई सुधारिएको चुलो तथा गोवर ग्याँस निर्माण अनुदान दिने ।<br>-विद्युतको पहुँच भएका स्थानमा विद्युतीय चुलो खरिदमा अनुदान गर्ने ।<br>-औद्यौगिक क्षेत्रमा विद्युतीय यन्त्र उपकरणलाई प्रोत्साहन गर्ने र क्षेत्र वरपर वृक्षारोपन गर्ने । | | ✔ | ✔ | ✔ | ✔ | ✔ |

### २ .कार्यान्वयन

यस योजना लक्षित गरिएका कार्यक्रमहरु स्थानिय तहले प्राथमिकता  निर्धारण गरि आर्थिक क्षमताका र जनशक्ति व्यवस्थापनका आधारमा कार्यान्वयन गर्दै लगिने छ ।

### ३.अनुमगन तथा मूल्याङ्कन

यस योजना प्रस्तावित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्ने कार्य तालिका तयार गरि प्रगति प्रतिवेदन माध्यमबाट नियमित अनुगमन र स्थलगतरुपमा भौतिक प्रगतिको अनुगमन गर्ने कार्यान्वयकै चरणमा कार्यस्थलमा नै पुगि सुधारात्मक उपायहरु अवलम्वन गर्ने /गराउन एक अनुगमन टोलिको प्रवन्ध गरिनेछ । अनुगमन टोलिले अनुगमनको क्रममा देखेका कमजोरीहरुको सुधार गर्नुपर्ने विषयहरु तत्काल सुधार गर्न लगाउने छ भने निर्णय गर्नुपर्ने विषयमा संस्थागत निर्णय लिनेछन । यस योजना अन्तर्गतका कार्यक्रमको प्रगति प्रतिवेदन नापी शाखाले तयार पारी नगर कार्यपालिकामा पेश गर्ने ।

## सन्दर्भ सामाग्रीहरु


- भूउपयोग ऐन २०७६
- रास्कोट नगरपालिका को पाश्र्वचित्र २०७९
- भूउपयोग नियमावलि २०७९
- नापी विभागद्धारा तयार गरिएको रास्कोट नगरपालिकाको नक्सा